# शुद्धोदन गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः१०     संख्याः ३     मितिः २०८३/०१/२५

भाग —२

**शुद्धोदन गाउँपालिका**

**मानपकड़ी, लुम्बिनी प्रदेश**

## शुद्धोदन गाउँपालिका

पशु पन्छी तथा मत्स्य पालक कृषक लाई तालिम तथा औषधी क्याल्सियम/मिनरल / यन्त्रउपकरण बितरण तथा अन्य कार्यक्रम संचालन कार्यबिधि, २०८३

प्रस्तावना

मुलुकको अर्थतन्त्रमा महत्त्वपूर्ण स्थान ओगटेको कृषि तथा पशु पालन व्यसायलाई व्यवस्थित,मर्यादित एवं व्यवसाय कर रोजगारी मुलक बनाउदै स्वच्छ,स्वस्थ एवंम गुणस्तरीय कृषि तथा पशुपंक्षिजन्य उत्पादनहरु आम उपभोक्ता समक्ष सहज रुपमा पुग्न सक्ने वातावरण सिर्जनाका लागि र व्यवसायीक कृषि तथा पशुपालन किसानहरुको आत्मसम्मान र रोजगारि सृजना होस भन्ने अभिप्रायले शुद्दोधन गाउँपालिका पशुसेवा शाखा र बडाहरु बाट बिनियोजन औषधी क्याल्सियम/मिनरल/भिटामिन/यन्त्र उपकरण बितरण कार्यक्रम संचालन गर्न उद्देश्यले शुद्धोदन गाउँपालिका,मानपकडी,रुपन्देहीले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११, खण्ड “ण” सँग सम्वन्धित कार्यको लागि सोही ऐनको दफा १०२ को उपदफा २ र शुद्धोदन गाउँपालिका गाउँ कार्यपालिकको आर्थिक बर्ष २०८२/८३ को रकम खर्च गर्ने र बिनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन-बमोजिम यो निर्देसिका जारी गरिएको छ ।

परिच्छेद- १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः- यो कार्यविधिको नाम पशु पन्छी तथा मत्स्य पालक कृषक लाई तालिम तथा औषधी क्याल्सियम/मिनरल /यन्त्रउपकरण बितरण तथा अन्य कार्यक्रम संचालन कार्यबिधि, २०८३ यो कार्यविधि शुद्धोदन गाउँपालिका गाउँ कार्यपालिकको कार्यालयबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ

२. परिभाषाः- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. "गाउँपालिका" भन्नाले शुद्धोदन गाउँपालिका सम्झनु पर्दछ।

ख. "कार्यालय" भन्नाले शुद्धोदन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

ग. "शाखा" भन्नाले शुद्धोदन गाउँपालिका पशुपन्छी तथा मत्स्य विकास शाखा सम्झनु पर्दछ।

घ. "निजी फर्म" भन्नाले एकल वा साझेदारी स्वामित्वमा रहि सम्बन्धित शाखामा दर्ता भएको फर्मलाई सम्झनु पर्दछ ।

ङ. "कार्यविधि" भन्नाले कृषि, पशुपन्छी तथा मत्स्य कार्यक्रम संचालन का लागि पशु पन्छी तथा मत्स्य पालक कृषक लाई तालिम तथा औषधी क्याल्सियम/मिनरल /यन्त्रउपकरण बितरण तथा अन्य कार्यक्रम संचालन कार्यबिधि,२०८३ सम्झनु पर्दछ।

३. उद्देश्यहरुः-

क. पशुपन्छी तथा मत्स्य विकास शाखा र वडा कार्यालय बाट संचालन हुने कार्यक्रम सञ्चालनमा सहयोग पुर्याउन।

ख. गाउँसभाबाट विनियोजित रकमलाई पारदर्शी बनाई सञ्चालन गर्न सहयोग पुग्ने।

ग. पशुपन्छि र मत्स्य पालनमा युवा युवति हरु लाइ रोजगारि सृजना गर्न सहयोग पुर्याउने।
घ .गाउँपालिकालाई दुध, मासु अण्डा र माछामा आत्मनिर्भर बनाई निर्यात गर्न सहयोग गर्ने।

ङ. पशु व्यवसायको उधमशिलता प्रबर्धन एवम व्यवसायीकरण गर्नका लागी आवश्यक प्रविधि तथा सीपलाई लक्षित वर्गसम्म पुर्याउने सहयोग स्वरुप अनुदान प्रदान गर्न ।

च. पशु व्यवसायबाट उत्पादित पदार्थहरुको गुणस्तर सुधार गर्ने र उत्पादन लागत न्युनिकरण गर्ने

छ. पशु व्यवसायलाई प्रभावकारी तरीकाले सञ्चालन गर्नका लागि विभिन्न प्रकारका यन्त्र उपकरण च्याफकटर,काउम्याट तथा पशुपन्छि,मत्स्य पालन मा प्रयोग हुने विभिन्न प्रकारका सामाग्रि र दुध मासु को उत्पादन बढाउन कृषकको लागत रकम कम गर्न घाँस को बिउ /क्यलसियम/ भिटामिन बितरण र तालिमहरु समय समयमा सञ्चालन गर्ने।

## परिच्छेद - २

४. पशुपन्छी तथा मत्स्य किसान हरु ले गाउपालिका बाट संचालन हुने कार्यक्रम का लागि पशुसेवा शाखा तथा वडा कार्यलय बाट संचालन हुने कार्यक्रमका लागि अनुदानमा सामाग्रि लिन चाहेमा अनुसूचि १ को ढाँचाको निवेदन सहित राखि गाउपालिका /वडा कार्यलयमा निवेदन पेस गर्नुपर्नेछ ।

५. खण्ड मा भयका कार्यक्रम हरु उद्देश्य मापदण्ड सञ्चालन गर्नु पर्ने क्रियाकलापहरु अनुदानको सीमा मा रहि संचालन गर्नुपर्ने छ। र कम्तिमा ७ दिने सुचना प्रकासन गरि लाभग्राहिलाई पशुबिकास कार्यदल बाट वडा कार्यालय को सिफारिस वा आवश्यक अनुगमन गरि लाभग्राहि छनोट गर्न तपसिल अनुसार पशुविकास कार्यदल गठन गरिने छ।

तपसिल

| | |
|---|---|
| आर्थिक बिकास समिति समिति संयोजक अध्यक्ष | १ |
| आर्थिक बिकास समिति समिति सदस्य | २ |
| पशुसेवा शाखा सदस्य | १ |
| आर्थिक बिकास समिति को सदस्य सचिब | १ |

आमन्त्रित

गाउपालिका अध्यक्ष

गाउपालिका प्रबक्ता

गाउपालिका का प्रमुख प्रसासकिय अधिकृत

अन्यलाइ आवश्यकता र औचित्य को आधारमा आमन्त्रित गर्न सकिने छ

खण्ड १

| सि नं | कार्यक्रम | उद्देश्य | मापदण्ड | सञ्चालन गर्नु पर्ने क्रियाकलापहरु | अनुदान को सीमा |
|---|---|---|---|---|---|
| १ | पशु पालक कृषकहरुलाई औषधि/क्याल्सियम/मिनरल /भिटामिन बितरण कार्यक्रम | क. किसानहरुको आत्मसंम्मान बढाई र रोजगारि सृजना गरि पशुपालनबाट गरिबी निवारण गर्न<br><br>ख.पशुपालन प्रति युवा/युवतिलाई उत्प्रेरित गर्ने<br><br>ग.गाई,भैसिमा हुने बाँझोपना लाई न्युनिकरण गर्ने | क.वडाको हकमा वडाभित्र र गाउपालिका को हकमा गाउँपालिका भित्र व्यवसायिक रुपमा दुध,मासु र माछा उत्तपादन गर्ने र किसान कार्ड भयका किसानहरु हुनुपर्ने<br><br>ख. दूध मासु तथा माछा उत्पादन बढाउने प्रतिबद्धता गरेको हुनुपर्ने<br><br>ग. आर्थिक अवस्था कमजोर भएकालाई प्राथमिकता दिने<br><br>घ. निवेदन माग गर्दा यदि कृषकबाट निबेदन कम पर्न गएमा निवेदन दिएका सबैलाई छनोट गरी | क. वडा कार्यलयको हकमा कार्यलय बाट कम्तिमा ७ दिने सुचना प्रकासन गरि निबेदन लिइ लाभग्राहिहरु वडा कार्यलय को सिफारिस मा आर्थिक बिकास समिति बाट निर्णय गरि छनोट गर्ने<br><br>ख. गाउपालिका को हकमा कम्तिमा ७ दिने सुचना प्रकासन गरि लाभग्राहिलाई आर्थिक बिकास समिति बाट आवश्यक अनुगमन गरि लाभग्राहि छनोट गर्ने<br><br>ग. छनोट भएका लाभग्राहि लाई दुध मासु उत्पादन बढाउने उद्देश्य पशुपालन तालिम संचालन गरि सहभागि किसान लाई क्यालसियम/मिनरल वितरण गरि कार्यक्रम सञ्चालन गर्ने | शतप्रतिशत अनुदान |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सामाग्री बितरण गरिने छ | | |

खण्ड २

| सि नं | कार्यक्रम | उद्देश्य | मापदण्ड | सञ्चालन गर्नु पर्ने क्रियाकलापहरु | अनुदानको सीमा |
|---|---|---|---|---|---|
| २ | यन्त्रउपकरण,च्याफ कटर,काउम्याट तथा पशुपन्छि मत्स्य पालन मा प्रयोग हुने अन्य विभिन्न प्रकारका सामाग्रि बितरण र तालिमहरु संचालन कार्यक्रम | क. किसानहरुको आत्म संम्मान बढाई र रोजगारि सृजना गरि पशुपालनबाट गरिबी निवारण गर्न<br><br>ख.पशुपालन प्रति युवा/युवतिलाई उत्प्रेरित गर्ने<br><br>ग.गाई,भैसिमा हुने बाँझोपना लाई न्युनिकरण गर्ने | क. बडाको हकमा वडाभित्र र गाउपालिका को हकमा गाउँपालिका भित्र व्यवसायिक रुपमा दर्त भएका र किसान कार्ड भएका दुध,मासु र माछा उत्पादन गर्ने किसानहरु हुनुपर्ने<br><br>ख. दूध मासु तथा माछा उत्पादन बढाउने प्रतिबद्धता गरेको हुनुपर्ने<br><br>ग. आर्थिक अवस्था कमजोर | क. वडा कार्यलयको हकमा कार्यालय बाट कम्तिमा ७ दिने सुचना प्रकासन गरि निबेदन लिइ लाभग्राहिहरु वडा कार्यालय को सिफारिस मा आर्थिक बिकास समिति बाट निर्णय गरि छनोट गर्ने<br><br>ख. गाउपालिका को हकमा कम्तिमा ७ दिने सुचना प्रकासन गरि लाभग्राहिलाई आर्थिक बिकास समिति बाट आवश्यक अनुगमन गरि लाभग्राहि छनोट गर्ने<br><br>ग. छनोट भएका लाभग्राहि लाई दुध,मासु,माछा | बढिमा ५० प्रतिशत अनुदान मा बितरण गर्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | भएकाकालाई प्राथमिकता दिने<br><br>घ. निवेदन माग गर्दा यदि कृषकबाट निबेदन कम पर्न गएमा<br><br>बिगत मा सोहि प्रकार को अनुदान सामाग्रि लियको छैन भनि स्व घोषणा गरि निवेदन दिएका सबैलाई छनोट गरी सामाग्री बितरण गरिने छ | उत्पादन बढाउने उध्यस्यले च्यापकटर/काउम्याट तथा पशुपन्छि / मत्स्य पालन मा प्रयोग हुने विभिन्न प्रकारका यन्त्र उपकरण बितरण गर्ने | |

खण्ड ३

| सि नं | कार्यक्रम | उद्देश्य | मापदण्ड | सञ्चालन गर्नु पर्ने क्रियाकलापहरु | अनुदानको सीमा |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | पशु खोप कार्यक्रम संचालन | क. गाउपालिका भित्र कृषकले पालेका गाइ भैसि भेडा बाख्रा बंगुर हरु लाइ सरुवा रोग बाट बचाइ कृषक हरु को आर्थिक नोक्सानि हुनबाट बचाउने<br><br>ख. किसानहरुको आत्मसंम्मान बढाई र रोजगारि सृजना गरि पशुपालनबाट गरिबी निवारण गर्न<br><br>ख.पशुपालन प्रति युवा/युवतिलाई उत्प्रेरित गर्ने<br><br>ग.गाई,भैसिमा हुने बाँझोपना लाई न्युनिकरण गर्ने | क. गाउँपालिका भित्र व्यवसायिक रुपमा दर्ता भएका र सबै कृषकले पालेका गाइ भैसि भेडा बाख्रा<br><br>पालेका कृषक हुनुपर्ने<br><br>ख. गाउपालिका बाट पशु हरुमा निसुल्क लगाउने खोप हरु १. लम्पी सकिन डिजिज २.पि .पि .आर. ३. चरचरे र भ्यागुते ४. खोरेत ५. स्वाइन फिभर तथा अन्य सरुवा रोग हरु को खोप लगाइने छ | क. गाउपालिका बाट खोप लगाउनका लागि भ्यक्सिनेटर छनोटका लागि ७ दिने सुचना प्रकासन गरि भ्याक्सिनेटर छनोट गर्ने वा भेटेनरि अस्पताल तथा पशु बिज्ञ केन्द्र भैरहवा बाट छनोट भयका भ्याक्सिनेटर प्रयोग गर्ने वा शुद्दोधन गाउँपालिका पशु सेवा शाखामा कार्यरत कर्मचारी हरु लाइ कार्यालय को समय बाहेक को समयमा भ्याक्सिनेटर को रुपमा परिचालन गरिने छ | गाइ भैसि को बढिमा रु ३०। भेडा/ बाख्रा/ बंगुर लाइ बढिमा रु १०। अनुसार भ्यक्सिनेटर हरुलाइ खोप लगायको रकम दिनुपर्नेछ<br><br>ख.पशु हरुलाइ बिहानको समयमा खोप लगाउनु पर्ने हुदा प्रति दिन एक छाक खाना को रकम भ्याक्सिनेटर हरुलाइ दिनु पर्नेछ |

खण्ड ४

| सि नं | कार्यक्रम | उद्देश्य | मापदण्ड | सञ्चालन गर्नु पर्ने क्रियाकलापहरु | अनुदानको सीमा |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | पशुको आहारा बिकास कार्यक्रम संचालन | क. गाउपालिका भित्र कृषकले पालेका गाइ भैसि भेडा बाखा माछा हरु लाइ बारै महिना हरियो घाँस खुवाइ मासु/दुध उत्पादन बढाउने लागत घटाउने<br>ख. किसानहरुको आत्मसंम्मान बढाई र रोजगारि सृजना गरि पशुपालनबाट गरिबी निवारण गर्न<br>ख.पशुपालन प्रति युवा/युवतिलाई उत्प्रेरित गर्ने<br>ग.गाई,भैसिमा हुने बाँझोपना लाई न्युनिकरण गर्ने | क. गाउँपालिका भित्र व्यवसायिक रुपमा दर्ता भएका र सबै कृषकले पालेका गाइ/ भैसि /भेडा/ बाखा/ माछा पालेका कृषक हुनुपर्ने<br>ख.हिउदे घाँस ब्रसिम बर्षे घाँस सुडान/टियोसेन्टि<br>बहुबर्सिय घाँस नेपियर/सेटरिय/मोलाटो र अन्य घँस बितरण गर्ने वा कृषक ल घाँस खेति गरेपछि सरकारि दर रेट अनुसार नगद आनुदान दिने | क.गाउपालिका बाट लाभग्राहि छनोटका लागि कम्तिमा ७ दिने सुचना प्रकासन गरि गर्ने र किसान कार्ड भयका किसानहरु लाइ पशुबिकास कार्यदल को निर्णय अनुसार लाभग्राहि छनोट गर्ने<br>ख.कृषक लाइ घाँस खेतिको नगत अनुदान का लागि कम्तिमा ७ दिने सुचना प्रकासन गरि गर्ने र किसान कार्ड/जग्गा धनि लालपुर्जा को फोटोकपि भाडामा जग्गाभयमा संम्झौता सहित को निबेदन मागगर्नेरअनुगमन को रीपोट को आधारमा पशुबिकास कार्यदल को निर्णय अनुसार लाभग्राहि छनोट गरि नगद अनुदान दिने | पशुबिकास कार्यदल को निर्णय अनुसार बढीमा ७५ प्रतिसत अनुदान मा घास बितरण गर्ने वा नगत अनुदान दिने |

अनुसूची १

श्रीमान/कार्यलय प्रमुख/वडा अध्यक्ष ज्यू, मितिः-.........

शुद्धोदन गाउँपालिका वडा नं. .. ,रुपन्देही।

बिषयः पशु पन्छी तथा मत्स्य पालक कृषक लाई तालिम तथा औषधी /क्याल्सियम/मिनरल /यन्त्र उपकरण / सामाग्रि बितरण कार्यक्रम सहभागि गराई पाउ भन्ने बारे

महोदय,

यस शुद्धोदन गाउँपालिका वडा नं.  बाट संचालन हुन पशु पन्छी तथा मत्स्य पालक कृषक लाई तालिम तथा औषधी/क्याल्सियम/मिनरल सामाग्रि बितरण कार्यक्रम सहभागि गराई पाउ भनी तपसिलको कार्ययोजना सहित यो निबेदन पेस गरेको छु।

कार्यक्रमको कार्य योजना

क. माग गरेको सामाग्री को औचित्य.................

ख. क्याल्सियम.............लिटर

ग. हाल दुहुना गाई,भैसि...................

घ. अनुमानित बार्षिक उत्पादन...............

ङ. बार्षिक आम्दानी रु मा ................

माथि उल्लेखित विवरण अनुसार को सामाग्री पाएमा दुरुपयोग नगर्ने प्रतिबद्धता सहित यो निवेदन पेस गरेको छु।

| दायाँ | बायाँ |
|---|---|
| | |

नाम ....................

दस्तखत....................

शुद्धोदन गा.पा.,वडा नं. ...............

मोबाइल नं. ............................

प्रमाणीकरण मिति :- २०८३/०१/२५

आज्ञाले
लेख बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत